# भाषा आयोग

शङ्खमूल, काठमाडौं

## विज्ञ सूची तयारीका लागि निवेदन दर्ता/नवीकरण सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८२/०३/०१)

भाषा आयोगले नेपालमा बोलिने विभिन्न भाषाहरूको संरक्षण, सम्वर्धन, विकास एवम् अनुसन्धान लगायतका कार्यहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित भाषाका विज्ञ तथा नेपालमा रहेका भाषासम्बन्धी काम गर्ने संस्थाहरूलाई सूचीकृत गरी क्रियाशील बनाउने उद्देश्यले नेपालमा बोलिने सबै भाषाहरूको भाषा परिवारगत विज्ञ सूची नवीकरण एवम् नयाँ दर्ता गर्ने सन्दर्भमा तोकिएबमोजिम योग्यता पुगेका इच्छुक व्यक्ति तथा संस्थाहरूले निम्नानुसारको विवरणसहित यस आयोगमा सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आइपुग्ने गरी विज्ञ व्यवस्थापन निर्देशिका, २०७५ ( तेस्रो संशोधन, २०८२) को अनुसूची १ (व्यक्तिगत सूची दर्ताको लागि) र अनुसूची २ (संस्थागत सूची दर्ताको लागि) मा तोकिएको ढाँचामा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

- विज्ञ सूची नवीकरणका लागि सम्प्रेषित फाराम पुनः भरी पठाउनुपर्नेछ।
- सम्बन्धित भाषामा दक्षता हासिल गरेका सो सम्बन्धी कार्यमा संलग्न व्यक्ति वा संस्था विज्ञ सूचीमा सूचीकृत हुन योग्य मानिनेछन् । यसमा भाषाको कोलम अनिवार्य भर्नुपर्नेछ।
- विज्ञहरूको सूची दर्तासम्बन्धी  निवेदन भाषा आयोगले उपलब्ध गराएको ढाँचा बमोजिम हुनु पर्नेछ ।
- साथै निवेदनमा उल्लिखित विवरणको पुष्टयाईं हुने कागजातहरू संलग्न हुनु पर्नेछ । निवेदनको ढाँचा आयोगको वेबसाइटः **www.languagecommission.gov.np** मा उपलब्ध गराइएको छ।
- निवेदन सोझै आयोगको कार्यालयमा बुझाउन सकिने छ अथवा आयोगको इमेल: : **language.commission2016@gmail.com** मा समेत पठाउन सकिने छ ।
- यस अघि नै आयोगमा विज्ञ सूचीमा सूचीकृत भएका व्यक्ति तथा संस्थाहरू प्रत्येक वर्ष स्वतः नवीकरण हुने कानूनी व्यवस्था रहेकोले सो सूचीमा रहन नचाहने व्यक्ति तथा संस्थाहरूले लिखित जानकारी गराउनु हुन अनुरोध छ ।
- विज्ञको सूचीमा समावेश गर्ने अन्तिम अधिकार भाषा आयोगमा सुरक्षित रहने छ ।

थप जानकारीको लागि सम्पर्कः  फोन नं. ९८४२०६१८४३ वा

इमेल: **language.commission2016@gmail.com**

CamScanner